अनुसुची २

(दिग्दर्शनको दफा ५.२.१ संग सम्बन्धित)

# सिदिङ्वा गाउँपालिका

# राजस्व परामर्श समितिको प्रतिवेदन

२०७७

सिदिङ्वा गाउँपालिका

साब्लाखु, ताप्लेजुङ

२०७७ असार

Scanned with CamScanner

## भूमिकाः

यस सिदिङ्वा गाँउपालिकाको आर्थिक विकास र समृद्धिको लागि राजस्वका नीतिहरु तथा प्रणालीको विकास गर्नुपर्ने, राजस्वका क्षेत्र र दायरा निर्धारण गरी सिदिङ्वालाई आत्मनिर्भर बनाउँदै लान र राजस्व प्रशासन सुधारका लागि सिफारिस गर्नुपर्ने भएकोले स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) बमोजिम राजस्व परामर्श समितीको प्रतिवेदन पेश गरिएको छ ।

आगामी आ.व. २०७७/०७८ को लागि पेश हुन गइरहेको यस सिदिङ्वा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक विधेयकमा समावेश गरिनुपर्ने राजस्व सम्बन्धी विषयहरु सुझाव दिने हेतुले यो प्रतिवेदन तयार पारिएको हो । यस प्रतिवेदनले सिदिङवा गाउँपालिकाको दिगो आर्थिक विकासका लागि सहयोग पुर्याउनेछ भन्ने विश्वास लिएको छु ।

यस प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने तथा अमुल्य सुझाव र विचार प्रदान गर्नुहुने यस समितिका सदस्यहरु, आमन्त्रि सदस्य ज्यू हरु तथा अन्य सदस्यहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

२०७७/३/८

जीवनकुमार ताम्लिङ
संयोजक
राजस्व परामर्श समिति
सिदिङ्वा गाँउपालिका

Scanned with CamScanner

राजस्व परामर्श समितिका पदाधिकारीहरु

१. सिदिङ्वा गाउँ कार्यपालिका उपाध्यक्ष, श्री जीवनकुमार ताम्लिङ ------------------संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत, श्री सुमन लिङदेन (लिम्बु) --------------------------सदस्य
३. कार्यपालिका सदस्य, श्री रेनुका पन्दाक ----------------------------------सदस्य
४. कार्यपालिका सदस्य, श्री दिपेन्द्र परियार (दर्जि) ---------------------------सदस्य
५. राजश्व शाखा प्रमुख, भरत रिजाल ----------------------------सदस्य सचिब

Scanned with CamScanner

## बिषयसुची:

(क) पृष्ठभुमी ........ 1
(ख) राजश्वको मौजुदा अवस्थाको विश्लेषण: ........ 1
(ग) राजश्व नीतिहरुः ........ 1
(घ) करका आधारहरुः ........ 2
(ङ) आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर ........ 2
(च) आगामी आ.ब. को लागि अनुमानित कर तथा गैर कर राजश्व रकम ........ 9
(छ) निष्कर्ष तथा सुझाबहरु ........ 10

Scanned with CamScanner

## (क) पृष्ठभुमी

नेपालको संविधानले सुनिश्चित गरेको तीन (३) तहको सरकार अन्तर्गत गठित यस सिदिङ्वा गाँउपालिकाको आर्थिक विकास र समृद्धिको लागि राजस्वका नीतिहरु तथा प्रणालीको विकास गर्नुपर्ने, राजस्वका क्षेत्र र दरहरु निर्धारण गर्नुपर्ने तथा राजस्व प्रशासन सुधारका लागि सिफारिस गर्नुपर्ने भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानिय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) बमोजिम राजस्व परामर्श समितीको गठन भएको हो ।

आगामी आ.व. २०७७/०७८ का लागि पेश हुन गइरहेको यस सिदिङ्वा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक विधेयकमा समावेश गरिनुपर्ने राजस्व सम्बन्धी विषयहरु सुझाव दिने हेतुले यो प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनले सिदिङ्वा गाउँपालिकाको दिगो आर्थिक विकासका लागि सहयोग पुर्याउनेछ भन्ने विश्वास लिइएको छ ।

## (ख) राजश्वको मौजुदा अवस्थाको विश्लेषण:

चालु आ.व. २०७६।०७७ मा आन्तरिक आम्दानी तर्फ रु. ५,१०,००० (पाँच लाख दश हजार) अनुमान गरिएकोमा मिति २०७७।०१।३० गते सम्ममा रु.४,९२,६४९ (अक्षरेपी चार लाख बयानब्बे हजार छ सय उन्पचास) राजश्व उठाउन सफल भइएको छ ।घर जग्गा रजिष्ट्रेशन शुल्क बापत जिल्ला मालपोत कार्यालय, ताप्लेजुङ्बाट रु. १,७९,६२७।९१ (अक्षरेपि रु एक लाख उनासि हजार छ सय सत्ताइस र पैसा एकानब्बे मात्र) प्राप्त भएको छ ।नेपाल सरकारवाट प्राप्त गर्ने भनिएको राजश्व बाँडपाँड, वित्तीय समानिकरण र सशर्त अनुदानको रकम प्राप्त भई स्वीकृत कार्यक्रम अनुसार खर्च भइरहेको छ ।प्रदेश सरकारबाट प्राप्त गर्ने भनिएको सवारी साधन करको बाँडफाँड, वित्तीय समानिकरण तथा सशर्त अनुदानको रकम प्राप्त भई स्वीकृत कार्यक्रम अनुसार खर्च भइरहेको छ ।

## (ग) राजश्व नीतिहरु:

यस गाउँपालिकाले आ.व. २०७७।०७८ को लागि निम्नानुसारको राजश्व नीति लिन वाञ्छनीय रहेको छ ।

१. संविधानको मर्म अनुसार स्थानीय सरकार मजवुत हुनको लागि राजश्वको दायरा फराकिलो तथा दर वढाउन आवश्यक रहेको छ ।
२. स्थानीय नागरिकलाई करको दायरामा ल्याउन तथा कर तिर्ने बानीको विकास गराउन बिभिन्न प्रचारात्मक, घरदैलो कार्यक्रम गर्न आवश्यक रहेको छ ।
३. निर्धारण गरिएका कर, शुल्क तथा दस्तुरहरु संकलनको लागि वडा स्तरबाटै वडा समितिले कडाई गर्नु आवश्यक रहेको छ ।



Scanned with CamScanner

४. गाउँपालिकाको राजश्व वृद्विका लागि नागरिकहरुले अनिवार्य रुपमा तिर्नपर्ने कर, शुल्क, दस्तुर नतिरेमा वडा तथा गाउँपालिका कार्यालयबाट प्रदान गरिने सेवा सुविधा निश्चित समयको लागि रोक्नु वा कटौती गर्नु पर्दछ ।

५. छात्रवृति, अपाङ्गता, नि:शुल्क सेवा, कोर्टफि मिनाहाको सिफारिस लगायतका सिफारिसहरु नि:शुल्क गर्नुपर्दछ ।

६. प्राकृतिक प्रकोपवाट वा मानवीय नियन्त्रण भन्दा बाहिरको परिस्थितिमा गाउँपालिकाले लिने सेवा, दस्तुर, शुल्क आदि निशुल्क गर्नुपर्दछ ।

७. कर संकलनको अवस्था हेरी राजश्व नीतिलाई समयसापेक्ष संशोधन गर्नुपर्दछ ।

८. गाउँपालिकाको आम्दानी वृद्विका लागि सिदिङ्वाका नागरिक, करदाता, व्यवसायी, वद्विजिवी लगायतसँग हातेमालो गर्न तथा राय सल्लाह र सुझावहरु निरन्तर लिइराख्नु पर्छ ।

(घ) करका आधारहरु:

आ.ब. २०७७।०७८ मा प्रस्तावित राजश्व तथा करका दरहरु निर्धारण गर्दा देहाय बमोजिमको आधार लिइएको छ ।

- नेपालको संबिधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राजश्व परामर्श समितिको प्रतिवेदन, २०७६
- बिभिन्न विद्वान, व्यवसायी, संघ संस्थाको राय सल्लाह
- १ नं. प्रदेश सरकारको आर्थिक ऐन, २०७७

(ङ) आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर

| क्र.स | राजश्वका क्षेत्रहरु | | प्रस्तावित दर | |
|---|---|---|---|---|
| | | | ५ रोपनि सम्म (रु.) | ६ रोपनि भन्दा माथि |
| १ | जगगाको प्रकार | वडा नं. | | |
| | खेत र पाखा | १ कालीखोला र २ सादेवा | २० | प्रति रोपनि रु. ६ |
| | अलैंचिबारि | | ४० | प्रति रोपनि रु. १० |
| | खेत र पाखा | ६ मेहेले र सुरुम्खिम | २५ | प्रति रोपनि रु. ७ |
| | अलैंचिबारि | | ४५ | प्रति रोपनि रु. १२ |
| | खेत र पाखा | ५ लिम्बुदिन | ३० | प्रति रोपनि रु. ८ |



Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | अलैंचिबारि | र ३ आंखोप | ५० | प्रति रोपनि रु. १४ |
| | खेत र पाखा | ४ साब्लाखु | ३५ | प्रति रोपनि रु. ९ |
| | अलैंचिबारि | | ५५ | प्रति रोपनि रु. १६ |
| | राजश्वको क्षेत्रहरु | | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर |

| | | | |
|---|---|---|---|
| २ | घरबहाल कर | | |
| | कुनै पनि निजी व्यक्तिलाई घर कोठा बहालमा दिएमा घरधनीले गाउँपालिकोलाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | भाडाको १०% |
| | कुनै पनि सार्वजनिक सँस्था/सरकारी कार्यालय/ निजी बैंक/सहकारी आदिलाई घर, कोठा बहालमा दिएमा | भाडाको १०% | सम्झौता भए वापतको १०% |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | व्यवसाय कर | दर्ता दस्तुर | नविकरण दस्तुर | दर्ता दस्तुर | नविकरण दस्तुर |
| | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५०० | २५० | १००० | ५०० |
| | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | - | - | २००० | १००० |
| | तालिम हल, एट्याच टोइलेट बाथरुम, वाईफाई सहितको होटल | - | - | २००० | १०००० |
| | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | ५०० | २५० | २००० | १००० |
| | सवारी साधन विक्रेता/मर्मत/ग्यारेज, कपडा/जुत्ता/चप्पल पसल, नर्शरी (फलफुल, कृषिजन्य बोटबिरुवा उत्पादन, बिक्रिवितरण), मेडिकल/एग्रोभेट | ५०० | २५० | १००० | ५०० |
| | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य | ५०० | २५० | १००० | ५०० |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | दैनिक उपभोग्य सामाग्रीहरु), ईन्धन व्यवसाय, | | | | |
| | हार्डवेयर, फर्निचर | १००० | ५०० | २००० | १००० |
| | सुनचाँदि पसल, बोर्डिङ विद्यालय, मनि एक्स्चेन्जर (IME) | १००० | ५०० | ३००० | १५०० |
| | सहकारी तथा लघुवित्त (दर्ता) | १००० | - | २५०० | - |
| | बैंकिङ तथा बित्तीय कारोवार (ईजाजत/दर्ता) | १००० | ५०० | ५००० | २५०० |
| | टेलर/सैलुन/विउटी पार्लर, फ्रेश हाउस, स्टेशनरी | ५०० | २५० | १००० | ५०० |
| | ईलेक्ट्रोनिक्स पसल (मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलिका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु), साइवर, ट्रेकिङ एजेन्सि | ५०० | २५० | १००० | ५०० |
| | घुम्ति पसल | ५०० | २५० | ५०० | २५० |
| | कस्मेटिक पसल | ५०० | २५० | १००० | ५०० |
| | डिलर (खाद्यान्न तथा किराना,जुत्ता चप्पल, रंग रोगन आदि) | ५०० | २५० | १००० | ५०० |
| | कृषि तथा पशु फार्म | ५०० | २५० | १००० | ५०० |
| | परीक्षा दस्तुर (अधीकृत स्तर) | | | १००० | |
| | परीक्षा दस्तुर (सहायक स्तरपाँचौ) | | | ४०० | |
| | परीक्षा दस्तुर (सहायक स्तरचौथो) | | | ३०० | |
| | परीक्षा दस्तुर (श्रेणी विहिन) | | | २०० | |
| | अन्य व्यवसाय | ५०० | २५० | १००० | ५०० |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ४ | विज्ञापन कर | | |
| | कुनै व्यवसाय, कम्पनी, होटल व्यवसायले होर्डिङ वोर्ड, ग्लो वोर्ड, साइनवोर्ड, स्टल, फ्लेक्स प्रिन्ट, पर्खाल बार भित्ता आदिमा विज्ञापन गरे बापत | १००० | १००० |
| ५ | मनोरञ्जन कर | | |
| | जादु, चटक, नाटक, सर्कस देखाए बापत | १०० | १०० |
| | सिनेमा/डकुमेन्ट्री आदि तयार र प्रदर्शन गर्नका लागि | ५०० | १००० |
| ६ | वहाल बिटौरी शुल्कः | | |
| | गाउँपालिकाले निर्माण गरेको वा आफ्नो स्वामित्वामा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति | १००० | १००० (प्रति दिन) |
| | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास | १००० | ५०० बार्षिक |
| | किराना पसल | २० | २० |
| | मासु पसल | २० | ५० |
| | कपडा पसल | ५० | ५० |
| | साग सब्जी, तरकारी पसल | ५० | २० |
| | अन्य पसल | २० | २० |
| ७ | सेवा शुल्क दस्तुर | | |
| | व्यक्तिगत सिफारिस | १०० | १०० |
| | संघ संस्थाको सिफारिस | १०० | १०० |
| | नागरिकता सिफारिस | १०० | १०० |
| | नागरिकता प्रतिलिपि | ५० | २०० |
| | नाता प्रमाणित (जिवित सँगको/मृतक सँगको) | १०० | २०० |
| | मदिरा उद्योग सिफारिस | १०० | १००० |

| | | | |
|---|---|---|---|
| | घर जग्गा नामसारी सिफारिस | ५०० | २०० |
| | मोही लगत कट्टा सिफारिस | २०० | २०० |
| | घर कायम सिफारिस | २०० | २०० |
| | छात्रवृत्ती सिफारिस | २०० | ० (निःशुल्क) |
| | अपाङ्ग सिफारिस | १०० | ०(निःशुल्क) |
| | स्थायी /अस्थायी बसोबास सिफारिस | ५० | १०० |
| | बैबाहिक अङ्गिकृत नागरिकता सिफारिस | १०० | २०० |
| | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | १०० | १०० (तर १,००,००० भन्दा बढी भएमा जम्मा मुल्याङ्कनको ०.१% ले) |
| | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | - | ० (निशुल्क) |
| | विद्युत/धारा जडान सिफारिस | - | २०० |
| | जिवित रहेको सिफारिस | - | ५०० |
| | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | ५०० | १०० |
| | फरक जन्ममिति संशोधन सिफारिस | १०० | १०० |
| | व्यवसाय बन्द/सन्चालनमा नरहेको सिफारिस | १०० | ५०० |
| | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० | १०० |
| | कोर्ट फि मिनाहा सिफारिस | १०० | ० (निशुल्क) |
| | नावालक परिचय पत्र सिफारिस | - | १०० |
| | चौपाय सम्वन्धि सिफारिस(भेडा, वाखा आदि) | - | २० |
| | चौपाया सम्वन्धि सिफारिस(गाई,भैंसि,चौरि आदि) | - | ५० |
| | व्यवसाय दर्ता सिफारिस | १०० | २०० |
| | संघ संस्था दर्ता सिफारिस | १०० | ५०० |
| | व्यवसाय नविकरण सिफारिस | १०० | २०० |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | उद्योग/ विद्यालय ठाउँसारी सिफारिस | २०० | १००० |
| | विद्यालय सन्चालन स्विकृत/कक्षा वृद्धि सिफारिस | १००० | १००० |
| | जग्गा दर्ता सिफारिस | १०० | १०० |
| | संरक्षक सिफारिस | १०० | १०० |
| | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० | १०० |
| | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० | १०० |
| | घरबाटो/चारकिल्ला प्रमाणित | १०० | २०० |
| | हकवाला वा हकदार प्रमाणित | १०० | १०० |
| | अविवाहित प्रमाणित | १०० | ५०० |
| | जग्गा धनिपुर्जा हराएको सिफारिस | ५० | १०० |
| | पुर्जामा घर कायम गर्ने सिफारिस | १०० | १०० |
| | मिलापत्र कागज/उजुरी दर्ता | ३०० | ५०० |
| | विवाह दर्ता (३५ दिन पछी दर्ता हुन आएमा) | ५० | ५० |
| | जन्म दर्ता (३५ दिन पछि दर्ता हुन आएमा) | ५० | ५० |
| | मृत्यु दर्ता | ५० | ० (निशुल्क) |
| | बसाईसराई (३५ दिन पछि दर्ता हुन आएमा) | - | ५० |
| | घटना दर्ता प्रतिलिपि | ५० | २०० |
| | हलभाडा/जेनेरेटरभाडा (प्रति दिन) | ५०० | १००० |
| | साउन्ड सिस्टम भाडा (प्रति दिन) | ४०० | ५०० |
| | उद्योग दर्ता सिफारिस | ५०० | ५०० |
| | संस्थालाई अनुभव पत्र / कर्मचारीको अनुभव पत्र | ५०० | ५०० |
| | वन जडिवुटी पुर्जी सिफारिस | ५०० | ५०० |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | जग्गा नामसारी | १०० | २०० |
| | बैंक वित्तीय संस्था दर्ता | २०० | ५०० |
| | प्राईभेट स्कुल दर्ता | ५०० | ५०० |
| | घरेलु साना उद्योग दर्ता | ५०० | ५०० |
| | खानेपानी मुहान दर्ता | ५०० | १००० |
| | ईन्डियन तथा युके पेन्सन सिफारिस | २०० | ५०० |
| | संवन्ध विच्छेद दर्ता | १०० | ५०० |
| | पशु – विरामी पुर्जी | - | २० |
| | पशु – कृत्रीम गर्भाधारण | २० | ५० |
| | पशु वन्ध्याकरण (बोका, सुंगुर) | - | ५० |
| | पशु वन्ध्याकरण (गोरु, रांगा) | - | १०० |
| | घ बर्ग निर्माण व्यवसायी इजाजत पत्र दस्तुर | १,००० | ५००० |
| | घ बर्ग निर्माण व्यवसायी नविकरण दस्तुर | - | २५०० |
| | घ बर्ग निर्माण व्यवसायी थप दस्तुर (विलम्ब शुल्क बार्षिक) | - | १००० |
| | घ बर्ग निर्माण व्यवसायी इजाजत पत्र प्रतिलिपि दस्तुर | - | ५०० |
| | न्यायिक दस्तुर – कोर्ट फी, बक्सौनी, दशौंद, विशौंद नक्कल दस्तुर, समाव्हान एवं इतलायनाम दस्तुर, सूद, लिफा दस्तुर, टिकट दस्तुर, पनरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर वकालतसम्वन्धी इजाजतपत्र दस्तुर र न्याय संवन्धि अन्य दस्तुर | - | ५०० |
| | फोहोरमैला व्यवस्थापन शुल्क | - | १००(प्रति घर प्रति महिना) |
| | अन्य सिफारिस | - | ३०० |
| ८ | **घरधूरी कर** | | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | एकतले घर | - | ५० |
| | दुईतले घर | - | ७५ |
| | तिनतले घर | - | १०० |
| | पक्कि घर | - | २००एक तलाको (एक तला भन्दा बढि भए प्रति तला १००) |
| ९ | बिक्री तथा निकासी शुल्क | | |
| | गिटि/बालुवा ( बिक्रि शुल्क) | - | २००० (प्रति ट्याक्टर) |
| | गिटि/वालुवा ( निकासि शुल्क) | - | ३०० (प्रति ट्याक्टर) |
| | लकडि ( निकासि शुल्क) | - | ५०० (प्रति ट्याक्टर) |

(च) आगामी आ.ब. को लागि अनुमानित कर तथा गैर कर राजश्व रकम

| सि.नं. | राजश्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व. को अनुमान | आगामी आ.व. को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १. | भुमि कर (मालपोत) | ३५०००० | २६०००० | ३००३१२ | |
| २. | ब्यबसाय रजिष्ट्रेशन दस्तुर | - | - | २५००० | |
| ३. | व्यवसाय नविकरण दस्तुर | - | - | ३५५०० | |
| ४. | सिफारिस दस्तुर | ३४४००० | २५०००० | २००८०८ | |
| ५. | कृषि समुह र पशु फार्म दर्ता दस्तुर | - | - | १८००० | |
| ६. | घरधुरि कर | - | - | ४०००० | |
| ७. | ढुङ्गा,गिटि,वालुवा | - | | १००००० | |
| ८. | निकासि कर | - | - | २५००० | |
| ९. | ठेक्का शुल्क | - | | ५०००० | |
| १०. | बेरुजु | - | - | १०००० | |
| ११. | घर जगगा रजिस्ट्रेसन | - | - | १८०००० | |
| | कुल | ६९४००० | ५१०००० | ९८४६२० | |



Scanned with CamScanner

(छ) निष्कर्ष तथा सुझाबहरु

यस गाउँपालिकाले विगत आ.ब. देखी लिइरहेको राजश्व संबन्धि नीति फलदायक नै रहेको देखिन्छ । आ.ब. २०७६।०७७ मा कुल रु. ५,१०,०००।-(अक्षरेपी रु. पाँच लाख दश हजार) को राजश्वको अनुमान गरिएकोमा चालु आ.व को वैसाख मसान्त सम्ममा रु. ४,९२,६४९ (अक्षरेपी रु. चार लाख बयानब्बे हजार छ सय उनान्चास) राजश्व संकलन भएको छ । गाउँपालिकाले कर प्रणाली तथा राजश्व संकलन प्रकृयालाई यथाशक्य सूचना प्रविधि मैत्री बनाउँदै लैजानु पर्ने देखिन्छ ।

आ.ब. २०७७।०७८ मा कर प्रणाली तथा राजश्व संकलनको लागि गाउँपालिकाले देहाय बमोजिम गर्नु पर्ने देखिन्छ ।

- आगामी आ.ब. मा राजश्व संकलनको सफ्टवेयर खरिद गरी वडा तथा गाउँपालिकाको कर्मचारीलाई ट्रेनिङ दिई राजश्व संकलन कार्यलाइ चुस्त, पारदर्शी तथा सूचना प्रविधि मैत्री बनाउनु पर्छ ।
- राजश्व संकलनको लागि बस्ति वडा, टोल स्तरमा विभिन्न किसिमको कार्यक्रम संचालन गर्नु पर्नेछ ।
- नागरिकले तिरेको कर के कार्यमा कहिले खर्च भएको छ? सो को दुरुस्त विवरण कार्यालयले सार्वजनिक गर्नु पर्छ ।
- राजश्वको श्रोत तथा दायरालाई फराकिलो बनाउँदै स्थानीय तहलाई आत्म निर्भर बनाउन बृहत अध्ययन, अनुसन्धान तथा परामर्श लिइनु पर्छ ।

धन्यवाद ।

Scanned with CamScanner